जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ५८ २०८० साल असोज ९ गते मंगलबार (26 Sep. 2023 Tuesday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

Log in : *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : विशेषज्ञ पत्रकारिताको लागि विधागत.. ३ पृष्ठमा : नेपाल र चीनबीच १३ विषयमा... ३ पृष्ठमा : बङ्गलादेशमा डेङ्गुका कारण..

## ढल निकासको उचित व्यवस्थापन नहुँदा टोल पोखरीमा परिणत, तीन दर्जन परिवार समस्यामा

**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

राजविराज नगरपालिका वडा नं. ७ मैथिली टोलका तीन दर्जन परिवार समस्यामा परेका छन् ।

ढल निकासको उचित व्यवस्थापन नहुँदा खुला नाला र वर्षाको पानी घर आंगनसम्म जम्मा भएपछि ती परिवार समस्यामा परेका हुन् । नाला र वर्षाको पानीको निकास नहुँदा टोल पोखरीमा समेत परिणत भएको छ ।

स्थानीयवासी चन्द्रकुमारी साहले नाला व्यवस्थित नगरिएको कारण र ढलको उचित व्यवस्थापन हुनसकेकाले वर्षसँगै नालाको फोहर पानी घर आंगनसम्म जमेकाले हिड्न समेत समस्या भइरहेको बताइन् ।

सोही टोलकी सुनिता झाले घर आंगन र आसपासमा नालाको फोहर पानी र वर्षात समेतको पानीले डुवान पार्दा टोल नै दुर्गन्धित बनाउनुका साथै आवतजावतमा समस्या उत्पन्न भएको सुनाइन् ।



यस्तै अर्का स्थानीय महेन्द्र साहले घर भित्र समेत छिरेको पानीको निकास नहुँदा वर्षेनी समस्या भोग्दै पर्दै आइरहेको सुनाए । उनले नगरपालिकामा पटक पटक समस्या समाधानका लागि अनुरोध गर्दा पनि आशवासन बाहेक केही नपाएको दुखेसो पोखे ।

वडाअध्यक्ष शुभाषचन्द्र यादवले उक्त समस्याबाट आफू पनि जानकार रहेको बताउँदै वडा कार्यालयको बजेटबाट व्यवस्थित नाला निर्माण र ढल निकासलगायतको व्यवस्थापन कार्य गर्न कठिन भएको बताए । उनले उक्त समस्या समाधानका लागि आफूले पनि नगरपालिकामा पहल गरिरहेको जनाएका छन् ।

यसैबीच प्रदेशसभा सदस्य किरणकुमारी साहले अव्यवस्थित नाला र वर्षाको पानीले टोल जलमग्न भएको जानकारी पाएपछि सोमबार सो स्थानको स्थलगत निरिक्षण गरेकी छिन् । सो क्रममा उनले ढल निकासका लागि व्यवस्थित गुरुयोजना निर्माण आवश्यक रहेको यसका लागि आफूले पनि पहल गर्ने आश्वासन दिइन् ।

## डेङ्गु सङ्क्रमणबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**उदयपुर, ८ असोज ।**

उदयपुर जिल्लाको बेलका नगरपालिका ५ खारखोलाका एक पुरुषको डेङ्गु सङ्क्रमणबाट मृत्यु भएको छ ।

खारखोलाका ४० वर्षीय विजय लिम्बूको उपचारको क्रममा आइतबार बेलुकी मृत्यु भएको हो ।

गत सातादेखि डेङ्गु सङ्क्रमणबाट सिकिस्त बिरामी परेका लिम्बूलाई बेल्टार अस्पतालमा सामान्य उपचारपछि घरमै राखिएको थियो । घरमा रहँदा झनै सिकिस्त बन्दै गएपछि लिम्बूलाई शुक्रबार उपचारका लागि सुनसरीको धरानस्थित बिपी मेमोरियल अस्पतालको आइसियुमा राखिएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार साउन पहिलो हप्तादेखि उदयपुरमा डेङ्गु सङ्क्रमण देखा परेपछि हालसम्ममा तीनको डेङ्गु सङ्क्रमणबाट मृत्यु भएको छ भने झण्डै एक हजारको हाराहारीमा सङ्क्रमित भइसकेका छन् ।

## भन्सार छलेर ल्याउँदै गरिएको मोटरसाइकल बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको नम्बर नखुलेको मोटरसाइकलसहित किरानाका सामानहरु प्रहरीले बरामद गरेको छ ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. २ बनैनियाबाट प्रहरी चौकी झुटकीको गस्ती टोलीले भारतबाट नेपाल तर्फ भन्सार छलि ल्याउँदै गरेको नम्बर प्लेट नभएको मोटरसाइकलसहित कुरकुरे २ वोरा र नरिवलको तेल २४ पाकेट बरामद गरेको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

बरामद गरिएको मोटरसाइकलको १ लाख ४१ हजार २ सय तथा कुरकुरे र नरिवल तेलको गरि ६ हजार १ सय २० मुल्य मुल्याङ्कन गरि आवश्यक कारबाहीका लागी प्रहरी चौकी झुट्कीमा राखिएको जनाइएको छ ।

## ७० हजार केजी चिनी भेटिएपछि गोदाम सिल

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ असोज ।**

काठमाडौंस्थित कुलेश्वरको गृहेश्वरी ट्रेडलिंक चिनी गोदाम सोमबार सिल गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले गत बिहीबार सिल गरेको हो ।

स्टोरमा राखिएका ७० हजार केजी चिनीका बोराहरूमा लेवल नराखिएको र गोदाममा पानी

*बाँकी अन्तिम पृष्ठमा*

## मलंगवामा राती निषेधाज्ञा, दिउँसो हटाइयो

**दैनिक समाचारदाता**
**सर्लाही, ८ असोज ।**

सर्लाही सदरमुकाम मलङ्गवामा पाँच दिनदेखि लगाइएको निषेधाज्ञा सोमबार दिउँसोलाई निष्क्रिय गरिएको छ भने राति भने यथावत राखिएको छ ।

सर्लाही जिल्ला प्रशासन कार्यालयमा सोमबार बिहान बसेको समन्वय सहजीकरण बैठकले असोज ४ गते बिहीबार राति १० बजेदेखि लगाएको निषेधाज्ञा दिउँसोको समयमा हटाउने तर, राति ८ बजेदेखि बिहान ४ बजेसम्मलाई निरन्तरता दिने निर्णय गरेको हो ।

गणेश चतुर्थीको मूर्ति विर्सजन गर्न जाने क्रममा मलङ्गवामा दुई समुदायबीच झडप भएपछि गएको बिहीबार राति १० बजेदेखि अर्को आदेश नहुन्जेलसम्मका लागि निषेधाज्ञा जारी गरिएको थियो ।

बिहीबार रातिदेखि अशान्त बनेको मलङ्गवामा आइतबाररातिदेखि अवस्था सामान्य हुँदै गएपछि सोमबारदेखि दिनको निषेधाज्ञा हटाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिएका छन् ।

दिनमा निषेधाज्ञा आदेश निष्क्रिय गरिए पनि सर्वसाधारणको सुरक्षामा पर्नसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै साविक मलङ्गवा नगरक्षेत्रभित्र कुनै प्रकारको भेला, जुलुस, बैठक, प्रदर्शन, पोस्टर पर्चाजस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गरिएको प्रजिअ यादवले बताए ।

निषेधाज्ञा हटाइए पनि मलङ्गवाको बजार खुलेको छैन भने यातायात, शिक्षण संस्था, सरकारी कार्यालय पनि पूर्णरुपममा बन्द छन् । यता व्यापारीका सङ्घसङ्गठनले पनि बजार खोल्न अह्वान गरेका छन् । निषेधाज्ञा हुँदा पनि घटना हुन थालेपछि आइतबार दिउँसोदेखि स्थानीय प्रशासनले निषेधाज्ञा उल्लङ्घन गर्ने व्यक्तिलाई पक्राउ गर्न थालेको थियो । निषेधाज्ञा उल्लङ्घन गरेको आरोपमा पक्राउ परेका व्यक्तिलाई प्रहरीले अहिले पनि हिरासतमा राखेको छ ।

गणेशको मूर्ति विर्सजन गर्न जाने क्रममा गएको बिहीबार घरको छतबाट अर्को पक्षले ढुङ्गा प्रहार गरेको थियो । ढुङ्गा लागेर सुरक्षाकर्मीसहित एक दर्जन मानिस घाइते भएका थिए भने छुरा प्रहारबाट सख्त घाइते भएका मलङ्गवा नगरपालिका-७, मुसैली निवासी रुपेशकुमार यादवको अहिले वीरगञ्जमा उपचार भइरहेको छ ।

## निर्वतमान उपसभामुखद्वारा पुस्तक प्रदर्शनीको अवलोकन



**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज ।**

मधेश प्रदेशकी निर्वतमान उपसभामुख उपमा देवले साझा प्रकाशन शाखा राजविराजद्वारा आयोजना गरिएको बृहत पुस्तक प्रदर्शनीको दोश्रो दिन सोमबार अवलोकन गरेकी छिन् ।

सो क्रममा पठन संस्कृतीको विकास गर्ने उद्देश्यले अध्ययन र पठनपाठन विना आफ्नो पुर्खा र भाषा, साहित्य तथा संस्कृतीको अनुभव र ज्ञान पाउन कठिन हुने बताइन् ।

साझाले पठन संस्कृतीको विकास गर्ने उद्देश्यले असोज ७ गतेदेखी बृहत पुस्तक प्रदर्शनी सुरु गरेको छ । असोज २१ गतेसम्म चल्ने प्रदर्शनीमा साहित्य, संस्कृती, कला, इतिहास, पत्रकारिता, धार्मिक ग्रन्थ, शब्दकोषसँग सम्बन्धीत विभिन्न विद्याका १ हजार ६ सय लेखकका २ हजार ६ सय शिर्षकका पुस्तक राखिएका छन् । प्रदर्शनीमा २५ देखी ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको साझा प्रकाशनले जनाएको छ ।

लम्पी स्किन रोगबाट बचाउने उपायहरु

पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:

- ➤झिंगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
- ➤तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
- ➤गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- ➤रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- ➤संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं।
- ➤अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं।
- ➤मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- ➤पशुचिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# निर्माण सम्बन्धी होर्डिङ बोर्ड लगाउनु आवश्यक

विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना बढ्न जान्छ । कुनै पनि स्थानमा सडक, नाला तथा ढल निर्माणका कार्यहरु भइरहेको विषयमा निर्माण कम्पनीले त्यस्ता बोर्ड लगाउनु आवश्यक हुन्छ । ती सांकेतिक बोर्ड लगाउनुको उद्देश्य यातायातका साधन, पैदल वा साइकल यात्रीले गति न्युन गरेर गन्तब्यतर्फ जानु हो ।

विभिन्न स्थानमा साना ठूला खाल्डा हुने गर्छन् जसकारण बाटो नै बन्द गर्नु पर्ने अवस्था आउछ । जसले गर्दा जनतालाई एक ठाउँबाट अर्को ठाउँ जान निकै समस्या हुनेगर्छ । तर, कुनै पनि स्थानमा निर्माण कार्य भइरहदा बाटो निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन् । राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा अनाहकमा दुर्घटनामा पर्ने जोखिम बढेको छ । यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छन् । यसका लागि सडक निर्माण गरिरहेका कम्पनीले अनिवार्य रुपमा संकेतको रुपमा बाटो निर्माण भइरहेको साइन बोर्ड राख्नु पर्छ । ठाउँठाउँमा सडक र नाला निर्माण कार्यका कारण खाल्डो खनिएपछि त्यस कार्यलाई पूर्णता दिनुको साटो त्यतिकै छोड्नुले दुर्घटना निम्त्याउने काम गरेको छ ।

जिल्लाका विभिन्न स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ । तसर्थ कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु पर्ने जरुरी छ ।

# विशेषज्ञ पत्रकारिताको लागि विधागत अभ्यास

**विनोद ढुङ्गेल**

काठमाडौँ, ८ असोज (रासस) ।

मान्छेको रुचि र छनोटमा एकरुपता छैन, हुँदैन । विकासको आरम्भिक युगदेखि अहिलेको सूचना प्रविधिको युगसम्ममा विविधता झन बढ्दो छ । बढ्दो विविधताका क्षेत्रमा जीवनका अन्य क्षेत्रमा जस्तै सूचना प्रवाहका क्षेत्रमा पनि रुचि परिवर्तन भएका छन् । सूचना प्रवाहका माध्यम त फेरिएका छन् नै, तिनमा परिष्कार र सूचनाको विशिष्टता पनि तिखारिँदो छ ।

फेरिँदो र थपिँदो रुचिको क्षेत्रका लागि पत्रकारिताको सेवा पनि तिखारिँदो छ, माझिँदो छ । विस्तारित आयतन र लम्बाइका हरेक विन्दुमा नवीन सूचना र जानकारीका नवीन आयाम भेटिँदा छन् । सूचनाको विस्तारलाई समेट्नका लागि पत्रकारिता क्षेत्र पनि विस्तारित हुन अग्रसर छ, हरेक विन्दुका खबर खुट्याउँदै गहिराइमा पुगेर समाचार टिप्न समाचारकर्मीहरू तयार छन् र सूचनाको छनोट गर्दै परिस्कृतलाई उपभोग गर्ने वा अन्यलाई तिरस्कार गर्ने अधिकारका साथ पारखीहरू सर्वत्र तैनाथ छन् ।

छापा, रेडियो, टेलिभिजन हुन् वा इन्टरमाध्यम नै किन नहोउन्, सबैका लागि सूचनाका उपभोक्ताको रुचि प्राथमिक पक्ष हो । यस लेखमा मानवीय रुचिलाई प्राविधिक विकासले परिस्कार र विस्तार गर्दै जाँदा पत्रकारितामा पनि विशिष्टीकृत विधाहरूको विकास भइरहेको सन्दर्भ र त्यसको लाभको चर्चा गरिन्छ ।

इतिहासलाई नियाल्दा सूचना प्रापकका रुचिका जगमै सूचना प्रदायकहरू टिकेका देखिन्छन् । अहिलेसम्मको खोज-अनुसन्धानका आधारमा पत्रकारीय पहिलो उत्पादन प्राचीन रोमको इशा पूर्व ५९ को *एक्टा डिउर्ना* पाठकको रुचिको विषय थियो । चीनमा ताङवंशीय शासन (सन् ६१८-९०७) मा शुरु भई चिङवंशीय शासनको अन्त्यताका (सन् १९१२) सम्म सरकारी अधिकारीहरूलाई बाँडिने *केइग-पौ* वा *केइग-त्चाउ* अर्थात *पेकिङ गजेट* नामको सरकारी बुलेटिनका हकमा पनि यही कुरा लागू हुन्छ । सूचना प्रदायक र प्रापकका रुचिको रुचि नमिल्ने हो भने कुनै पनि माध्यम टिक्न सम्भव हुन्न ।

पाठकको रुचि नै नहुँदो हो त सन् १६०९ तिर युरोपेली राष्ट्रहरू बेल्जियम र जर्मनीतिर नियमित पत्रपत्रिका देखापर्ने थिएनन् । सन् १६२२ मा दुनियाकै पहिलो अंग्रेजी अखबार *विक्ली न्यूज* र सन् १७०२ मा पहिलो दैनिक पत्रिका *दि डेली कुराण्ट* पनि पाठकको रुचि बिना अस्तित्वमै आउने थिएनन् ।

मान्छेको अनन्त जिज्ञासाले प्रविधिको विकास गराएको हो भने त्यसमै टेकेर पत्रकारिताको विस्तार पनि हुँदै गएको हो । त्यही प्रक्रियाबाट सन् १९०९ मा अमेरिकी इन्जिनीयर चार्ल्स हेरोल्डलाई अमेरिकाको क्यालिफोर्नियामा संसारकै पहिलो रेडियो स्टेशन *केक्यूडब्ल्यू* खोल्ने अग्रसरता पलाएको हो । त्यो अग्रसरतामा पत्रकारिताको स्वाद थपिँदै गएकोले नै उनलाई आफ्नो इन्जिनीयरिङ कलेजबाट सञ्चालित संसारकै पहिलो त्यो रेडियो स्टेशनबाट फुटकर समाचार प्रसारण गर्ने कुतकुती लागेको हो ।

त्यति मात्र होइन, पत्रकारीय सामग्रीप्रतिको मोहकै नतिजास्वरुप कोलम्बिया ब्रोडकास्टिङ सिष्टम (सीबीएस इन्कर्पोरेटेड) ले किनेर *केसीबीएस* भएको २८ वर्षपछि सो संस्थाको पहिचान नै परिवर्तन पनि समाचारीय सामग्रीप्रतिको मोहकै नतिजा हो । अर्थात्, त्यतिन्जेलका सम्पूर्ण सांगीतिक कार्यक्रमहरू बन्द गरेर सन् १९६८ पछि हालसम्म सो रेडियोलाई समाचार-रेडियो बनाउने निर्णय त्यसका सञ्चालकहरूको समाचार-मोहकै नतिजा हो ।

प्रविधिहरूको विकाससँगै माध्यमहरू थपिँदा समाचारीय सामग्रीको रूप फेरिँदो छ, तर सार उही छ । त्यस्तो सामग्रीको सान्दर्भिकता मासिँदो छैन, प्रस्तुतिको पारा मात्र फेरिँदो छ । टेलिभिजन प्रविधिले यान्त्रिक प्रविधिको क्रम भंग गरेर विद्युतीय विकास-यात्रा तय गर्नुका पछाडि पनि जिज्ञासु मानव मस्तिष्कको सुजनशीलताले काम गरेकै हो । त्यस्तो आविष्कारलाई स्वीकार र अंगीकार गर्ने प्रविधि-प्रेमी मानव-चाहना नुहँदो हो त वैज्ञानिक आविष्कार फगत कागजको फूल हुने थियो ।

मानवीय चाहनालाई च्याप्प समात्न सक्ने मगजले नै सन् १९२८ मा पहिलो टेलिभिजन स्टेशनको रुपमा अमेरिकामा *डब्ल्यू३एक्सके*को स्थापना गरेको हो । नयाँ-नयाँ प्राविधिक विकासको फड्को मार्दै यो माध्यम समाचारीय दृष्टिले प्रभावकारी हुने ठम्याइले नै सन् १९४७ मा संसारमै पहिलोपल्ट टेलिभिजनको पर्दामा समाचार प्रसारण सम्भव भएको हो । र, *द वाल्टर कम्प्टन न्यूज*मार्फत इतिहास रच्न अमेरिकाको डुमाँ टेलिभिजन नेटवर्क त्यो इतिहास रच्न सफल भएको हो ।

सन् १९९९ मा भारतीय जनसञ्चार संस्थान (आईआईएमसी) का तत्कालीन अध्यक्ष बलवीर के. पुञ्जले पत्रपत्रिका, रेडियो र टेलिभिजन जस्ता सबै माध्यमले "एकार्काको सहअस्तित्वलाई सहर्ष स्वीकारिरहेको" महसूस गरेका थिए । चन्द्रकान्त पी. सिंहको टेलिभिजन पत्रकारितासम्बन्धी हातेपुस्तक 'बिफोर दि हेडलाइन्स्'को प्राक्कथनमा उनले त्यस्तो मूल्यांकन गरेको अहिले २५ वर्ष भएको छ । यस कालखण्डमा चे छापा, के रेडियो र के टेलिभिजन सबै माध्यमको अस्तित्वलाई इन्टरनेटले आफूमा समाहित गरिसकेको छ । यो नयाँ माध्यममा नबेरिने कुनै पनि माध्यमको अस्तित्वको कल्पना गर्नु पनि असान्दर्भिक भइसकेको छ ।

सन् १९७० को दशकमा इन्टरनेटको जन्म भएपछि अरु क्षेत्रमा जस्तै पत्रकारितामा पनि सर्वाधिक परिवर्तन देखियो, प्राविधिक विकासको नयाँ राजमार्ग तयार भयो । त्यही राजमार्गमा खडा भएर सन् १९७४ मा दुनियाँको पहिलो अनलाइन अखबारका रुपमा *(प्लाटो) न्यूज रिपोर्ट* देखा पर्‍यो ।

त्यसपछि पत्रकारिताको दुनियाँ विभिन्न कोणबाट पुनर्परिभाषित हुँदै छ । सन् १९८० को मध्यतिर कोलम्बस डिस्प्याच अनलाइनमा जाने पहिलो पत्रिका बनेयता सबै माध्यमहरू एकपछि अर्को गर्दै यही इण्टरनेट माध्यममा शरणागत भएका छन् । यही उपायबाट मात्र अस्तित्व जीवित रहने र विकासको यात्रामा अघि बढ्न सक्ने ठहरसहित के छापा, के विद्युतीयमेस-सबै माध्यम नयाँ सूचना र सञ्चार प्रविधिको जालोमा जोडिइसकेका छन् ।

पत्रकारिताको शताब्दी लामो अनुभव र प्राविधिक यात्रालाई सामान्यीकरणबाट विशिष्टीकरणतर्फ मोड्न सबैले सञ्चारको नयाँ जालोमा जोडिने उपाय रोजेका छन् । अभ्यास र अनुभवका आधारमा हेर्दा अनेक विधामा पत्रकार र मिडियाको विकास भइरहेको छ । नेपालमै पनि भारतबाट शुरु भएको पहिलो नेपाली पत्रिका गोरखा भारत जीवन, पहिलो नेपाली पत्रिका सुधासागर, पहिलो समाचारपत्र गोरखापत्र, पहिलो रेडियो रेडियो नेपाल, पहिलो टेलिभिजन नेपाल टेलिभिजन र पहिलो नेपाली अनलाइन दि नेपाल डाइजेष्ट हुँदै अहिलेसम्मको यात्रा पत्रकारिताको विशिष्टीकरणतर्फ अग्रसर छ ।

व्यावसायिक अभ्यासका क्रममा नेपाली पत्रकारिता जगतले तय गरेको विशिष्टीकरणको यात्राले नै बीट रिपोर्टिङ वा विधागत पत्रकारिताको विकास गराएको हो । 'नेपालमा प्रेस काउन्सिल : समकालीन अनुसन्धानात्मक इतिहास' पुस्तकमा मैले नै करीब १२ वर्षअघि 'नेपालमा मिडिया व्यावसायिक अभ्यास र संस्थागत विकासको क्रममा अघि बढिरहेको छ' भनेर गरेको मूल्यांकन अहिले पनि सामयिक नै छ ।

व्यावसायिक अभ्यासका लागि अनुभवी र अग्रज पत्रकारहरूले विधागत पत्रकारिताको अध्ययन, अवलोकन, अनुभव र अभ्यासका आधारमा लेखेका वा बोलेका सामग्री अरूका लागि पथप्रदर्शक हुन्छन् । पत्रकारिताका पाइला टेक्दै गरेकादेखि विभिन्न विधामा सक्रिय एवम् विधागतरूपमा केन्द्रित भएर काम गर्न नपाएका पत्रकारहरूका लागि अनुभवी र अग्रजका पथप्रदर्शन अमूल्य हुन्छन् ।

उनीहरूका रुचिअनुसारका विधामा केन्द्रित गर्न अग्रजका ज्ञानले केही बाटो देखाउँछन् भने विधागत पत्रकारहरूका ज्ञान तथा सीप आर्जनका लागि त्यस्ता सामग्री महत्वपूर्ण हुन्छन् । ज्ञान र अभ्यासलाई सहजीकरण गर्ने त्यस्ता सामग्रीको व्यवस्थित उपलब्धताको अभाव भने समाजका अन्य पेशा जस्तै पत्रकारिताका हकमा पनि लागू हुन्छ ।

विशिष्टिकृत पत्रकारिताका लागि गरिने विधागत पत्रकारिताका विधा कति हुन्छन् भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । तर, अनन्त मानवीय जिज्ञासा शान्त पार्ने सूचनाको सेवाको यो क्षेत्रमा पत्रकारिताको विधा-संख्या किटान भएको छैन र त्यसो गर्न सम्भव र व्यावहारिक पनि छैन ।

संख्या जतिसुकै भए पनि समष्टीमा विधागत पत्रकारिताका अनेक आयामहरूका पछाडि सूचनाका उपभोक्ताले हासिल गर्ने परिष्कृत सूचनाको लाभ स्पष्ट छ, पत्रकारिता जगतले हासिल गर्ने लाभका पक्षहरू पनि स्पष्ट छन् । विशेषज्ञ पत्रकार हुनुको पत्रकारीय मूल्य उच्च छ । सर्वप्रमुख लाभ त पत्रकारले आफ्नो रुचिको क्षेत्रमा खुलेर काम गर्न पाउनुलाई नै मान्न सकिन्छ ।

पत्रकारिता आफैँमा सूचना र अभिव्यक्तिको स्वतन्त्रताको सेवक पेशा हो । त्यसैले विधागत पत्रकारले आफ्नो रुचिका विषयमा आफूलाई समेत अभिव्यक्त गर्न पाउने नै भयो । यस आधारमा हेर्दा विधागत पत्रकारिताले भन्ने बित्तिकै सम्बन्धित विषयमा पत्रकारको पनि विशेषज्ञता आवश्यक पर्छ । त्यसो नभई विधागत पत्रकारिता सम्भव छैन । विशेषज्ञताका साथ पत्रकारिता गर्दा पत्रकारको निपूर्णता र निखार बढ्दै जान्छ । त्यसले पत्रकारिताभित्र मात्र नभएर बाहिर पनि अवसरको ढोका फराकिलो पार्न सक्छ ।

नेपालकै सन्दर्भमा पनि यस्ता अनेक उदाहरण पाइन्छन् । चलचित्रप्रति रुचि भएको पत्रकार चलचित्र समीक्षक मात्रै होइन, निर्देशक नै बन्न सक्छन्, बनिसकेका छन् । खेलकूदका समाचारमा अभिरुचि भएकै आधारमा कोही व्यक्ति पत्रकार बनेका उदाहरण नयाँ होइनन् भने खेल पत्रकारहरू खेल विशेषका कमेण्टेटर भएका छन् । आर्थिक पत्रकारिताका विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका पत्रकार पत्रकारितामा रहे पनि नरहे पनि प्रभावशाली छन् । राजनीति-पत्रकारहरू राजनीतिक विश्लेषक मात्र नभएर उच्चपदस्थ राजनीतिज्ञ नै भएको जस्ता अनेक उदाहरण हाम्रा आँखाअगाडि नै छन् ।

नियमित पत्रकारीय अभ्यासका कोणबाट हेर्दा बीट रिपोर्टिङ्का निर्विवाद अनेक लाभ छन् । स्रोतसाधनको बचत पहिलो आभ हो । आफ्नो बीटमा अनुभवी बीट रिपोर्टरहरूलाई चाहिनेसूचना कहाँ, कसरी र कोसँगबाट पाउन सकिन्छ भन्ने स्पष्ट जानकारी हुन्छ । त्यसैले विधागत दक्षता नभएका पत्रकारले भन्दा उनीहरूले सहज,

बाँकी अन्तिम पृष्ठमा


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल र चीनबीच १३ विषयमा सम्झौता र समझदारी

**एकराज पाठक**

बेइजिङ, ८ असोज (रासस)।

नेपाल र चीनबीच विभिन्न १२ वटा सम्झौता र एउटा समझदारी पत्रमा हस्ताक्षर भएको छ। चीन भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उहाँका चिनियाँ समकक्षी प्रधानमन्त्री लि छ्याङबीच सोमबार ग्रेट हल अफ दी पिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सहमति तथा सम्झौता भएको हो।

विभिन्न मन्त्रालय अन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ। सो सम्झौतामा आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गर्नुभयो।

नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच आदानप्रदान भएको छ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थमन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ। त्यसैगरी चीनको उक्त आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

त्यसैगरी चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ। यसमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा रेवती रमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यसमूह गठन गर्ने विषयमा पनि सहमति भएको छ। सो सहमतिपत्रमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

सो अवसरमा चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि र पशुपन्छी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यातसम्बन्धी प्रोटोकलमा सहमति भएको छ। उक्त प्रोटोकलमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा रेवती रमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

चिनियाँ प्रेस तथा प्रकाशन विभाग र सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ। सो सहमतिपत्रमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ। सो सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

साथै प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ।


असतो मा सद्गमय तमसो मा ज्योतिर्गमय"　मो. नं. ९८०४७०८१२३

श्री जनता माध्यमिक विद्यालय बसबिट्टी

Shree Janata Secondary School Basbitti

रूपनी गाउपालिका वडा नं. ५, सप्तरी　विद्यालय कोड नं.१५०१८०००१

मधेश प्रदेश　संघीय क्षेत्र नं. ३

( स्थापित २०१७ साल )　प्रदेश क्षेत्र नं. ३ १

पत्र संख्या :-२०८०/०८१　मिति :- २०८०।०६।०७

चलानी नं. :-

प्रस्तुत विषयमा यस श्री जनता माध्यमिक विद्यालय बसबिट्टी रुपनी- ५, सप्तरीको विद्यालय व्यवस्थापन समितिको मिति २०८०।५।३१ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.शि. राहत पद संख्या १ (एक) को लागि मिति २०७६।०९।१८ गते प्रकाशन भएको विज्ञापनमा परेको दरखास्त लाई कायम राखी पुन : १५ दिनको लागि म्याद थप गरी इच्छुक योग्य उम्मेदवारबाट दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

१. विज्ञापन नं. : ०१/२०७६/२०७७
२. पद/संख्या : नि.मा.शि. राहत, १ (एक)
३. विषय : समाजिक
४. योग्यता : आई एड वा सो सरह तालिम प्राप्त र सामाजिक विषय संग सम्बन्धित।
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
६. तलब : प्रचलित स्केल अनुसार।
७. नियुक्तिको किसिम : करार।
८. आवेदन दिने मिति : २०८०।०६।०७ गते देखि २०८०।०६।२१ गतेसम्म
९. आवेदन दस्तुर : रु २५०० (२ हजार ५ सय) मात्र विद्यालयको रा वा बैंक राजविराज शाखामा रहेको च हि नं. २१८०१००००१५५५००१ म जम्मा गरेको सक्कल भौचर।
१०. आवेदन साथ पेस गर्नु पर्ने कागजतहरु :
　क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ (एक)
　ख) निरोगिता प्रमाण पत्र।
　ग) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपी।
　घ) अध्यापन अनुमति पत्रको प्रतिलिपी।
११. सम्पर्क मिति : २०८०।०६।२२ गते विद्यालय समयमा।
१२. आवेदन फारमको शुल्क : रु १०० (एक सय) जम्मा गरी विद्यालयले उपलब्ध गराउने छ।
१३. परीक्षा सम्बन्धि जानकारी : सम्पर्क मितिमा जानकारी गराइने छ।
१४. परीक्षा किसिम : शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ।

२०८०।६।६

श्याम प्रसाद यादव
(प्रध्यानाध्यापक)



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्न पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी


## विश्व समाचार

### बङ्गलादेशमा डेङ्गुका कारण मृत्यु हुनेको सङ्ख्या नौ सयभन्दा बढी पुग्यो

ढाका, ८ असोज (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा यस वर्ष हालसम्म एक लाख ८७ हजार ७२५ जनामा डेङ्गुको सङ्क्रमण देखिएकोमा ९०० भन्दा बढीको मृत्यु भएको स्वास्थ्य विभागले आइतबार जनाएको छ। स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशनालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सेप्टेम्बरमा ३१६, अगस्टमा ३४२ र जुलाईमा २०४ गरी कूल ९०९ जना डेङ्ग सङ्क्रमित विरामीको मृत्यु भएको हो। महानिर्देशनालयका अनुसार सेप्टेम्बरमा ६३ हजार ९१७, अगस्टमा ७१ हजार ९७६ र जुलाईमा ४३ हजार ८५४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ। दक्षिण एसियाली मुलुकमा स्थानीय समयअनुसार आइतबार बिहान ८ बजेसम्म पछिल्लो २४ घण्टामा १६ जनाको मृत्यु भएको छ भने तीन हजार ८ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ। यस वर्ष हालसम्म निको हुनेको सङ्ख्या एक लाख ७६ हजार ३४६ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। लामखुट्टेको टोकाइबाट सर्ने रोगको उच्च जोखिममा रहेको बङ्गलादेशमा जुन-सेप्टेम्बरको मनसुन अवधि डेङ्गु ज्वरोको मौसम हो।

### वासिङ्टनस्थित क्युबाको दूतावासमा पेट्रोल वम आक्रमण

हवाना, ८ असोज (रासस/एएफपी)।

वासिङ्टनस्थित क्युबाको दूतावासमा आइतबार राति एक व्यक्तिले पेट्रोल वम प्रयोग गरी आक्रमण गरेको क्युवाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले बताउनुभएको छ। त्यहाँका विदेशमन्त्रीले घटनालाई 'आतङ्कवादी हमला' को संज्ञा दिनुभएको छ।विदेशमन्त्री रोड्रिगेजले यस पहिले ट्वीटरका नामले प्रसिद्ध सामाजिक सञ्जाल एक्स मा पोस्ट गरेको विज्ञप्तिमा भन्नुभएको छ, "अमेरिकास्थित क्युबाको दूतावासमा दुई वटा पेट्रोल वम प्रहार गरी एक व्यक्तिले आतङ्कवादी हमला गरेका छन्। आक्रमणबाट कुनै पनि कर्मचारीलाई क्षति भएको छैन।" सन् २०२० को अप्रिलमा वासिङ्टनस्थित क्युबाली मिसनमा एक व्यक्तिले गोली चलाएपछि हालैका वर्षहरूमा यो दोस्रो आक्रमण हो। उक्त आक्रमणबाट पनि कुनै हताहत भएको थिएन। क्युबाका राष्ट्रपति मिगुएल डियाज क्यानेल न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिएर हवाना फर्केको केही घण्टापछि आइतबार राति उक्त आक्रमण भएको हो। न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घमा डियाज-क्यानेलको उपस्थितिको विरोधमा संयुक्त राज्य अमेरिकामा रहेका क्युबाली नागरिकले प्रदर्शन गरेको सामाजिक सञ्जालमा शेयर गरिएका पोस्ट र भिडियोले देखाएको छ। रोड्रिगेजले आइतबारको आक्रमणपछि भन्नुभयो, "क्युबा विरोधी समूहहरूले आफू दण्डहीनताको आनन्द उठाइरहेको महसुस गर्दा आतङ्कवादको सहारा लिन्छन्, जसबारे क्युबाले अमेरिकी अधिकारीहरूलाई बारम्बार जानकारी गराउँदै आएको छ।" अप्रिल २०२० मा क्युबाका विदेशमन्त्रीले हवानास्थित तत्कालीन अमेरिकी कार्यवाहक राजदूत मारा टेकचलाई बोलाएर आफ्नो दूतावासविरुद्ध 'आतङ्कवादी आक्रमण' गरेको भन्दै 'कडा विरोध' व्यक्त गर्नुभएको थियो। सन् २०२० को उक्त आक्रमणमा विष्फोटले बाहिरी भित्ता र स्तम्भहरूमा गोलीका प्वालहरू छोडेको, सडकबत्ती भाँचेको र भवनको अगाडिको सिसा र मोल्डिङका धेरै सिसाहरूमा क्षति पुऱ्याएको थियो। अमेरिकी अधिकारीहरूले उक्त आक्रमणको आरोपमा ४२ वर्षीय अलेक्जेन्डर अलाजोलाई पक्राउ गरेका थिए। अमेरिकी न्याय विभागका अनुसार अलाजोलाई जुलाई २०२० मा उनीमाथि 'घातक हतियार प्रयोग गरेर विदेशी अधिकारी वा सरकारी परिसरमा हिंसात्मक आक्रमण' लगायत विभिन्न अपराधको अभियोग लगाइएको थियो।

### भारत र क्यानाडाबीच साझा आधार खोज्नुपर्ने क्यानडाका रक्षामन्त्रीको भनाइ

ओटावा, क्यानाडा, ८ असोज (रासस/एएनआई)।

क्यानडाका रक्षामन्त्री बिल ब्लेअरले भारत र क्यानाडाबीच पछिल्लो समय देखिएको तनावलाई मध्यनजर गर्दै साझा आधार खोज्न वार्ता निर्विकल्प उपाय भएको बताउनुभएको छ। सीबीसी न्यूजमा आइतबार प्रसारित एक साक्षात्कारमा ब्लेयरले भन्नुभयो, "म वास्तवमा मलाई मन पर्ने दुई देशले वार्ता सुरु गरुन् भन्ने चाहन्छु। उनीहरूले आफ्ना नागरिकहरूलाई मद्दत गर्न चाहन्छन्। मलाई पूरा विश्वास छ उनीहरूले साथीहरू बनाउनको लागि साझा आधार फेला पार्नेछन्। ब्लेयरले कूटनीतिक विवादले भारतीय-क्यानाडेली नागरिकमा पार्ने प्रभावबारे आफू जानकार रहेको बताउनुभयो। क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत साता क्यानाडामा भएको खालिस्तान टाइगर फोर्सका प्रमुख हरदीप सिंह निज्जरको गोली काण्डमा भारतको संलग्नता रहेको आरोप लगाएपछि तनाव चर्किएको छ। गत जुन १८ मा क्यानाडाको ब्रिटिस कोलम्बियाको सरेस्थित पार्किङ क्षेत्रमा रहेको गुरुद्वाराबाहिर निज्जरको गोली हानी हत्या गरिएको थियो। क्यानाडाले भारतलाई निज्जरको मृत्युको अनुसन्धानमा सहयोग गर्न आग्रह गरेको छ। ट्रुडोले भारतद्वारा आतंकवादी घोषित निज्जरको हत्यामा नयाँ दिल्लीको कथित संलग्नताबारे ओटावाले 'भारतसँग रचनात्मक रूपमा काम गर्न' चाहेको बताएको छ। क्यानाडाका रक्षामन्त्री ब्लेयरले भन्नुभयो, "मैले जारी अनुसन्धानमा यति धेरै जोड दिएको छु कि यसका कारण हामीले विश्वसनीय गुप्तचरभन्दा वास्तवमा के भएको थियो भन्ने बलियो प्रमाणमा जान सक्षम हुनेछौं, ताकि हामी र भारत सरकारले सत्य जान्न सक्छौं, तथ्यहरू प्राप्त गर्न सक्छौं र त्यसपछि यसलाई उचित तरिकाले समाधान गर्न सँगै काम गर्न सक्छौं।" "म कुनै पनि तरिकाले अनुसन्धानको अखण्डतामा आँच आउने कुनै पनि कुरा भन्न गइरहेको छैन, यो धेरै महत्वपूर्ण छ," उहाँले भन्नुभयो। यसैबीच भारतले निज्जरको हत्यासँग भारत सरकारलाई जोड्ने कुनै पनि प्रयासको खण्डन गरेको छ। भारतीय विदेश मन्त्रालयले 'आतङ्कवादी, अतिवादी र सङ्गठित अपराधका लागि सुरक्षित आश्रयस्थल' र 'बढ्दो प्रतिष्ठा' को रूपमा पनि क्यानाडालाई उल्लेख गरेको छ। ब्लेयरले सीबीसीका प्रमुख राजनीतिक संवाददाता रोजमेरी बार्टनसँग भन्नुभयो, "हामीले हाम्रा सहयोगी र भारतलाई एउटा मात्र अनुरोध गरेका छौं कि उनीहरूले अनुसन्धानमा पूर्ण सहयोग गरून् किनभने यसको परिणाम धेरै महत्वपूर्ण छ। सीबीसी न्यूजका अनुसार ब्लेयरले क्यानाडाले आफ्ना सहयोगी मुलुकबाट के-कस्तो गुप्तचर सूचना प्राप्त गरेको छ भन्ने प्रश्नको जवाफ दिन भने अस्वीकार गर्नुभयो।

# महानगरपालिकाको अगुवाइमा सद्भाव र्‍याली

वीरगञ्ज, ८ असोज (रासस) ।

मूर्ति विर्सजनका क्रममा सर्लाहीको मलगङ्वामा दुई पक्षबीच भएको विवादलाई लिएर वीरगञ्जमा पनि तनाव उत्पन्न भएपछि महानगरपालिकाको अगुवाइमा सोमबार सद्भाव र्‍याली निकालिएको छ ।

वीरगञ्जको आर्दशनगरमा रहेको स्वीमिङपुलबाट निष्किएको सद्भाव र्‍यालीमा राजनीतिक दलका प्रतिनिधि, सङ्घसंस्था, धार्मिक सङ्घसंस्था, कर्मचारी, बुद्धिजीवीलगायतको सहभागिता थियो । र्‍याली पश्चात् जिल्ला प्रशासन कार्यालय पुगेर वीरगञ्ज महानगरपालिकाका प्रमुख सिंह सहितको टोलीले निमित्त प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्साललाई ज्ञापनपत्र समेत बुझायो ।

सद्भाव र्‍याली पश्चात् आयोजित कोणसभामा सांसद तथा जनता समाजवादी पार्टीका नेता प्रदीप यादवले सामाजिक सद्भाव भड्काउने तत्वहरुको पहिचान गरी अविलम्ब कारबाही गर्न माग गर्नुभएको छ ।

"हिन्दू र मुस्लिमलगायत धर्मावलम्बीबीच कायम रहेको आपसी सद्भावलाई बिथोलेर निहित स्वार्थपूर्ति गर्न केही तत्व पछिल्लो समय सक्रिय बनेका छन्", उहाँले भन्नुभयो, "ती तत्वहरुले विभिन्न चाडपर्वका नाममा प्रदर्शन गर्ने, जातजातीबीच द्वन्द्व बढाउने अभिव्यक्ति दिने र विभिन्न व्यक्तिका पसल तथा घरमा तोडफोड गर्ने जस्ता कार्य गर्दै आएका छन्, तिनीहरुलाई अविलम्ब पहिचान गरी कानुनी दायरामा ल्याउनुपर्छ ।"

महानगर प्रमुख राजेशमान सिंहले सामाजिक सद्भाव बिगार्ने र जातीय द्वन्द्व फैलाउने कार्यमा संलग्नलाई सरकारले तत्काल कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रको गरिमालाई आत्मसात् गर्दै सबै धर्म एवम् सम्प्रदायसँग सम्बद्ध सङ्घसंस्था विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्न सबै एकजुट हुनुपर्ने उहाँले बताउनुभयो ।

### ७० हजार केजी...

जमेको देखिएपछि सिल गरिएको विभागका सूचना अधिकारी आनन्दराज पोखरेलले बताए ।

उनका अनुसार कतिपयमा बोरामा उत्पादन मिति र परिणाम मेटिएको अवस्थामा चिनीका बोरा भेटिएका थिए । चिनी गुणस्तरहीन भएको आशंका भएपछि गोदाम सिल गरेर गुणस्तर चेक गर्न ल्याबमा पठाइएको र रिपोर्टअनुसार कारबाही अगाडि बढाउने पोखरेलले बताए ।

# राष्ट्रपति पौडेलद्वारा जानकी मन्दिरमा पूजाआजा

जनकपुरधाम, ८ असोज (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार जनकपुरधामस्थित जानकी मन्दिरमा पूजाआजा एवं दर्शन गर्नुभएको छ । सोही अवसरमा उहाँले जानकी मन्दिरमा अखण्ड दीप प्रज्ज्वलन गर्नुका साथै सीता माताको माइतीघर दर्शन, अखण्ड कीर्तन दर्शन एवं प्रसाद ग्रहण गर्नुभयो ।

राष्ट्रपतिलाई जानकी मन्दिरमा मूल महन्त रामतपेश्वर दासले स्वागत गर्नुभयो । राष्ट्रपति पौडेललाई जनकपुर विमानस्थलमा मधेस प्रदेश प्रमुख हरिशङ्कर मिश्र, मुख्यमन्त्री सरोज यादव, पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधि, सङ्घीय सांसद, नगरप्रमुख तथा सुरक्षा निकायका प्रमुखले स्वागत गर्नुभएको थियो ।

### विशेषज्ञ पत्रकारिताको ...

सुलभ, चुस्त, चाँडो र पक्का सूचना ल्याउन सक्छन् । समाचार-स्रोतहरूसँग दीर्घकालीन र विश्वासिलो सम्बन्ध हुने भएकाले बीट रिपोर्टरहरूले उच्च समाचार-मूल्यका जानकारी ल्याउन सक्छन् ।

हुनत लामो समयसम्म निरन्त एउटै विषयमा काम गर्दा झिँजो र निरस लाग्ने पनि हुन्छ । त्यो अवस्थामा ताजगी अनुभव गर्नका लागि रिपोर्टरले नयाँ विधामा हात हाल्ने र सम्पादकले पनि बीट परिवर्तन गरिदिने दृष्टान्त पनि पाइन्छन् । एक तहमा अनुभव र परिपक्वता हासिल गरिसकेका पत्रकारका लागि विधा परिवर्तनले पनि नयाँ अवसर नै थप्छ । त्यसो गर्दा रिपोर्टरले पुरानो पत्रकारीय अनुभव र नयाँ विधागत ज्ञानका आधारमा नयाँ सूचना पाएर नयाँ स्वादसहित प्रस्तुत गर्ने मौका पाउँछ । त्यसो गरेर उनीहरूले नयाँ पहिचान बनाउने सम्भावना पनि उत्तिकै हुन्छ । विधा परिवर्तनका माध्यमबाट पुनर्ताजगीको अभ्यास पनि प्रचलित नै छ ।

विधागत समाचार सामग्री प्रवाहका कारणले नै पत्रपत्रिका तथा कतिपय वेबसाइट स्थानीय मिडियाका समाचारभन्दा फरक र गहन देखिन सक्छन् । कुशल विशेषज्ञतायुक्त पत्रकारका गम्भीर सामग्रीका आधारमा नै प्रभावकारी प्रसारण माध्यमहरूसँग पनि पत्रपत्रिकाले प्रतिस्पर्धा गरिरहेका हुन्छन् ।

कुनै विषयमा विशेषज्ञता हासिल गरेर कर्मक्षेत्रमा डटेको पत्रकारले सबै प्रकारका चुनौतीलाई छिचोल्न सक्छ, त्यस्तो पत्रकारलाई पत्रकारिताको दुनियामा अगाडि बढ्न र सफलता हासिल गर्नबाट कसैले रोक्न सक्दैन । त्यसका लागि पूर्वशर्त भने अवश्य छ । त्यो हो-पत्रकारिताप्रतिको निष्ठा र त्यसअनुकूलको आचरण कायम राख्दै पेशागत योग्यता, दक्षता, इमान्दारिता र लगनशीलता ।

पत्रकारिताको विस्तारित आयतन, पत्रकारको अग्रसरता र उपभोक्ताको उत्सुकता नै पत्रकारिताको संभावनाको भविष्यका निर्धारक हुन् । यी तीन पक्ष खुम्चिए भने मात्र यो क्षेत्रको जोखिम जाग्छ, अन्यथा अवसरकै चहक चम्किन्छ । विश्वको सन्दर्भ यही हो, नेपालको आवश्यकता पनि त्यही हो । यसका लागि सञ्चारजगतले विधागत पत्रकारिताको अभ्यासलाई बढावा दिनु त आवश्यक छ नै, विज्ञजनहरूले पनि सान्दर्भिक परिचर्चा र विमर्शहरूमा सक्रिय सहभागिता जनाउनु जरुरी छ । (लामो समयदेखि पत्रकारितामा क्रियाशील लेखक ढुङ्गेल हाले मात्र सञ्चार रजिष्ट्रारको कार्यालय, वागमती प्रदेशले प्रकाशन गरेको 'विधागत पत्रकारिता हाते पुस्तक' का सम्पादक हुनुहुन्छ)

# नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली राजपत्रमा सार्वजनिक


काठमाडौँ, ८ असोज (रासस) ।

नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० नेपाल राजपत्रमा प्रकाशित भएपछि गैर आवासीय नेपालीलाई पनि नागरिकताको प्रमाणपत्र वितरण गरिने भएको छ । नियमावली असोज ४ गते नेपाल राजपत्रमा प्रकाशित भएपछि यो व्यवस्था कार्यान्वयनमा आएको सोमबार महिला, कानुन र विकास मञ्चले आयोजना गरेको छलफल कार्यक्रममा गृहमन्त्रालयका नागरिकता तथा परिचयपत्र व्यवस्थापन शाखा प्रमुख कृष्णबहादुर कटुवालले जानकारी दिनुभयो ।

नागरिकतामा नेपाली नागरिकताको प्रमाणपत्र भनी लेख्ने गरिएकामा गैर आवासीय नेपालीलाई दिइने नागरिकतामा भने गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र भनी उल्लेख हुने व्यवस्था गरिएको छ । यस्तो नागरिकता लिनेलाई राजनीतिक अधिकार भने नहुने उहाँले स्पष्ट पार्नुभयो ।

नियमावलीमा उल्लेख भएअनुसार गैर आवासीय नेपाली नागरिकता लिनेलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार भने हुनेछ तर उनीहरूका लागि शपथको पनि व्यवस्था पनि गरिएको शाखा प्रमुख कटुवालले जानकारी गराउनुभयो । बाबु वा उनका परिवारले नागरिकताका लागि सनाखत गर्न नमानेमा जनप्रतिनिधिले सनाखत गरेका आधारमा पनि १६ वर्ष उमेर पुगेकालाई नागरिकता दिन सकिने व्यवस्था नियमावलीमा गरिएको छ ।

सरकारी मान्यताप्राप्त अनाथालयमा हुर्किएका बालबालिकालाई स्थानीय सरकारको सिफारिसका आधारमा नागरिकता दिन सकिने भएको छ । जन्मदा एउटा लिङ्ग भएर नागरिकता लिइसकेकाले लिङ्ग परिवर्तन गरी नागरिकतामा सच्याउन चाहेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रमाणपत्रको आधारमा मन्त्रिपरिषद्ले निर्णय गरी नागरिकता दिन सकिने व्यवस्था पनि नियमावलीमा गरिएको छ ।



नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
नापी विभाग
नापी कार्यालय, सप्तरी
[illegible] नापी टोली
को सूचना

यस नापी टोलीबाट हाल नाप नक्सा गर्दा न.पा./गा.वि.स. राजविराज वडा नं. ४ सिट नं. ९६ को निम्न कित्ताहरूको घर जग्गा निम्न बमोजिम परापूर्व देखि दर्ता लिये केही नभे मेरो स्ववासी दर्ता गरी पाउँ भनी दावी गरेको हुँदा जग्गा (नाप जाँच) ऐन २०१९ (चौथो संशोधन समेत) को दफा ६ को उपदफा (४) बमोजिम सूचना प्रकाशित गरिएको छ । सो उप कसैको हक भोग वा ऐलानी सार्वजनिक, गुठी अधिनस्थ जग्गा भए सो यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सम्बन्धित नापी टोलीमा उपस्थित भै स-प्रमाण उजूर गर्नु होला अन्यथा निम्न उल्लेख भएको जग्गा आवेदकके नाउँमा स्ववासी दर्ता भै जाने समेतको सूचना गरिएको छ ।

| सि.नं. | दावी गर्ने स्ववासी जग्गा धनीको नाम, थर, वतन | हाल नापीको वडा नं. | कित्ता नं. | क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय समाचार समिति (रासस) कार्यालय सप्तरी राजविराज | ४ | १२ | २६५·०१ | बाँध | १५ | बाटो | १४ | [illegible] ३ |
| | नापी कार्यालय सप्तरी, राजविराज | ४ | १५ | १९६१·३१ | १३ | बाँध | बाँध | सप्तरी | [illegible] २ |

टोली प्रमुख

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*